# गण्डकी राजपत्र

गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

**गण्डकी गाउँपालिकाको विनियोजन ऐन, २०७८**

खण्ड : ५ संख्या : २ मिति : २०७८/०४/०४

**भाग : १**

**गण्डकी गाउँपालिका**

# गण्डकी गाउँपालिकाको विनियोजन ऐन, २०७८

गण्डकी गाउँपालिका, गोरखाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागी स्थानीय सञ्चितकोषबाट केहि रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको विनियोजन ऐन, २०७८ ।

सभामा प्रस्तुत मिति : २०७८ /३/१० सभावाट स्वीकृत मिति : २०७८ /३/३१

**प्रस्तावना :** गण्डकी गाउँपालिकाको आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले , नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गण्डकी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम गण्डकी गाउँपालिकाको विनियोजन ऐन २०७८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२ आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७७/७८ को निमित्त गाउँ कार्यपालिका ,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लिखित चालु खर्च , पुँजिगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत जम्मा गरी रकम रु ७१, ४९, ७०,०००। **(अक्षेरुपी एकहत्तर करोड उनन्चालिस लाख सत्तरी हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३ विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/७९ को निमित्त गाउँपालिका, गोरखाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुगहुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तनी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृतिलिनु पर्नेछ ।

**अनुसुचि १**

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचितकोषबाट विनियोजन हुने रकम

| सि.नं. | बजेट उपशीर्षक | चालु | पूंजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | ८०४३६५०३१०१ गण्डकी गाउँपालिका | १६,०२,६७,३२७.४१ | १७,९०,०२,६७२.५९ | ३३,९२,७०,००० |
| २ | ८०४३६५०३१०२ गण्डकी गाउँपालिका महिला विकास शाखा | २०,००,००० | ० | २०,००,००० |
| ३ | ८०४३६५०३१०३ गण्डकी गाउँपालिका पशु सेवा शाखा | ५०,००,००० | ० | ५०,००,००० |
| ४ | ८०४३६५०३१०४ गण्डकी गाउँपालिका कृषी शाखा | २८,५०,००० | २१,५०,००० | ५०,००,००० |
| ५ | ८०४३६५०३१०५ गण्डकी गाउँपालिका श्वास्थ्य शाखा | २०,००,००० | १०,००,००० | ३०,००,००० |
| ६ | ८०४३६५०३१०६ गण्डकी गाउँपालिका शिक्षा शाखा | ३०,००,००० | ० | ३०,००,००० |
| ७ | ८०४३६५०३१०७ लघु उघम विकास | ७,००,००० | ० | ७,००,००० |
| ८ | ८०४३६५०३२०१ गण्डकी गाउँपालिकावडा नं.१ | २२,००,००० | ७८,००,००० | १,००,००,००० |
| ९ | ८०४३६५०३२०२ गण्डकी गाउँपालिकावडा नं.२ | १६,३८,००० | ८८,६२,००० | १,०५,००,००० |
| १० | ८०४३६५०३२०३ गण्डकी गाउँपालिकावडा नं.३ | १२,००,००० | ८८,००,००० | १,००,००,००० |
| ११ | ८०४३६५०३२०४ गण्डकी गाउँपालिकावडा नं.४ | ११,३८,००० | ८८,६२,००० | १,००,००,००० |
| १२ | ८०४३६५०३२०५ गण्डकी गाउँपालिकावडा नं.५ | ६,३८,४०० | ९८,६१,६०० | १,०५,००,००० |
| १३ | ८०४३६५०३२०६ गण्डकी गाउँपालिकावडा नं.६ | १६,३७,००० | १,०८,६३,००० | १,२५,००,००० |
| १४ | ८०४३६५०३२०७ गण्डकी गाउँपालिकावडा नं.७ | १९,९८,००० | ९१,०२,००० | १,११,००,००० |
| १५ | ८०४३६५०३२०८ गण्डकी गाउँपालिकावडा नं.८ | १७,६०,००० | ९३,४०,००० | १,११,००,००० |
| १६ | ८०४३६५०३५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २२,४५,००,००० | १,३३,००,००० | २३,७८,००,००० |
| १७ | ८०४३६५०३५१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | १,६६,००,००० | ० | १,६६,००,००० |
| १८ | ८०४३६५०३५१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ० | १,३९,००,००० | १,३९,००,००० |
| १९ | ८०४३६५०३५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ० | ३०,००,००० | ३०,००,००० |
| जम्मा | | ४२,९१,२६,७२७.४१ | २८,५८,४३,२७२.५९ | ७१,४९,७०,००० |

आज्ञाले,

पुरण गुरुङ

प्रमुख प्रशासकीय अधिकृत